


वर्ष ४९ | अङ्क १० | असार २०८२ | जुन-जुलाई २०२५

# नवनियुक्त गभर्नर डा. विश्वनाथ पौडेलद्वारा पद बहाली, स्वागत समारोह सम्पन्न







नेपाल राष्ट्र बैंकका नवनियुक्त गभर्नर डा. विश्वनाथ पौडेलले २०८२ जेठ ७ गते पद बहाली गर्नुभयो। नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०८२ जेठ ६ गतेको निर्णयानुसार डा. पौडेल बैंकको रिक्त गभर्नर पदमा नियुक्त हुनुभएको हो। नेपाल राष्ट्र बैंकको अठारौं गभर्नरको रूपमा पदबहाली अघि उहाँले सर्वोच्च अदालतका सम्माननीय प्रधान न्यायाधीश प्रकाशमान सिंह राउतसमक्ष पद तथा गोपनीयताको शपथ लिनुभएको थियो। नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १०८ (१) बमोजिम आफ्नो ओहदाको काम सुरु गर्नुभन्दा अगाडि गभर्नरले प्रधान न्यायाधीश वा निजले तोकेको न्यायाधीशसमक्ष सपथ लिनुपर्ने व्यवस्था रहेको छ।

बैंकले गभर्नर डा.पौडेलको स्वागतमा बैंक परिसरमा एक सङ्क्षिप्त कार्यक्रम आयोजना गऱ्यो। कार्यक्रमलाई सम्बोधन गर्दै गभर्नर डा. पौडेलले मुलुकको हालको आर्थिक तथा वित्तीय अवस्थाको सन्दर्भमा राष्ट्र बैंकले खेल्नुपर्ने भूमिकाबारे विचार व्यक्त गर्नुभएको थियो। उहाँले मुलुकको वित्तीय प्रणालीलाई स्थायित्व र सकारात्मक दिशातर्फ लैजान आफू प्रतिबद्ध रहेको बताउनुभयो। नेपाल राष्ट्र बैंकसँग अनुभवी र सक्षम जनशक्ति रहेको उल्लेख गर्दै उहाँले बैंकका लक्ष्य र उद्देश्य प्राप्तिको निम्ति एकजुट भएर अघि बढ्न कर्मचारीहरूलाई आह्वानसमेत गर्नुभयो।

कार्यक्रममा बरिष्ठ डेपुटी गभर्नर डा.नीलम ढुङ्गाना तिम्सिनाले गभर्नर डा. पौडेललाई स्वागत गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्नुभयो। उहाँले बैंकको उद्देश्य हासिल गर्न सबै मिलेर जानुपर्ने आवश्यकता औंल्याउनुभयो। साथै, उहाँले आफू सधैं सहकार्यका लागि तयार रहने प्रतिबद्धतासमेत व्यक्त गर्नुभयो। यसै गरी डेपुटी गभर्नर बमबहादुर मिश्रले नव नियुक्त गभर्नर डा. पौडेललाई स्वागत गर्दै बैंकले योग्य र सक्षम व्यक्तिलाई नेतृत्वको रूपमा पाएको धारणा राख्नुभयो। साथै, उहाँले गभर्नर डा. पौडेलको कार्यकाल सफलताको शुभकामना व्यक्त गर्नुभयो।

कर्मचारीहरूको तर्फबाट संस्थागत योजना विभागका कार्यकारी निर्देशक डा.ऋषिकेश भट्टले गभर्नर डा. पौडेलको स्वागत गर्दै उहाँको कार्यकाल उपलब्धिमूलक र सफल होस् भन्ने शुभेच्छा व्यक्त गर्नुभयो। त्यसैगरी, कार्यक्रममा नेपाल राष्ट्र बैंक कर्मचारी सङ्घका अध्यक्ष रामहरि घिमिरे, नेपाल वित्तीय संस्था कर्मचारी सङ्घ, नेपाल राष्ट्र बैंकका अध्यक्ष हरिकृष्ण भट्टराई र नेपाल राष्ट्रिय कर्मचारी सङ्गठन नेपाल राष्ट्र बैंकका अध्यक्ष कृष्ण के.सीले नवनियुक्त गभर्नर डा.पौडेललाई सफल कार्यकालको निम्ति शुभकामना दिनुभयो।

राष्ट्रिय योजना आयोगको उपाध्यक्ष, अर्थ मन्त्रालयको वरिष्ठ आर्थिक सल्लाहकार, कोलोम्बो प्लान काउन्सिलको अध्यक्ष तथा नेपाल उद्योग परिसङ्घको प्रमुख आर्थिक सल्लाहकारको रूपमा जिम्मेवारी निर्वाह गरिसक्नुभएका डा. पौडेल पछिल्लो समय काठमाडौं विश्वविद्यालयमा प्राध्यापक हुनुहुन्थ्यो। डा. पौडेलले सन् २०१० मा अमेरिकाको क्यालिफोर्निया विश्वविद्यालयबाट कृषि तथा प्राकृतिक स्रोत अर्थशास्त्रमा विद्यावारिधि गर्नुभएको छ। उहाँका अनुसन्धानात्मक लेखहरू राष्ट्रिय/अन्तर्राष्ट्रिय आर्थिक जर्नलमा प्रकाशित छन्। ■

# गभर्नर डा. पौडेल सुदूरपश्चिम प्रदेशमा

धनगढी कार्यालयले अछाममा जेठ २५ गते गभर्नर डा.विश्वनाथ पौडेलको प्रमुख आतिथ्यमा SME लगायत कृषि कर्जा लिने ऋणीहरूसँग छलफल कार्यक्रम सम्पन्न गर्‍यो । उक्त कार्यक्रममा अछामको मङ्गलसेनमा सञ्चालनमा रहेका बैंक तथा वित्तीय संस्था, कृषि ज्ञान केन्द्र, भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रका प्रमुख तथा प्रतिनिधि, स्थानीय व्यापारी, कृषि तथा SME कर्जा लिएका ऋणीहरूको सहभागिता रहेको थियो ।

कार्यक्रममा धनगढी कार्यालयका सहायक निर्देशक भोजराज भट्टले सुदूरपश्चिम प्रदेश र अछाम जिल्लाको भौगोलिक, जनसांख्यिक, निक्षेप र कर्जा, क्षेत्रगत लगानी सम्बन्धमा सङ्क्षिप्त प्रस्तुति दिनुभयो । तत्पश्चात् सहभागीहरूबीच समसामयिक आर्थिक स्थिति, ऋणीहरूले भोगेका समस्यालगायतका विषयमा छलफल भएको थियो । कार्यक्रममा बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक गुरुप्रसाद पौडेल र बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक दीर्घबहादुर रावलले सहभागीहरूबाट उठेका जिज्ञासाको सम्बोधन गर्नुभयो ।

गभर्नर डा. पौडेलले समापन मन्तव्य राख्ने क्रममा बैंक र ऋणीहरूबीच आवश्यक सहकार्य हुनुपर्नेमा जोड दिदैं कृषि क्षेत्रमा कर्जाको सदुपयोगिताका लागि ऋणीहरूलाई आवश्यक तालिम र सम्बद्ध निकायहरूबीच संयन्त्रको आवश्यकता औंल्याउनुभयो । सो अवसरमा धनगढी कार्यालयका निर्देशक केशवबहादुर केसीले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्नुभयो । कार्यालयका उप-निर्देशक झकेन्द्रबहादुर शाहीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।




धनगढी कार्यालय

त्यसैगरी जेठ २६ गते धनगढीमा नेपाल उद्योग वाणिज्य महासङ्घ कैलाली, कैलाली उद्योग वाणिज्य सङ्घ, निर्माण व्यवसायी सङ्घ कैलाली, बैंक तथा वित्तीय संस्था, आर्थिक सरोकार मञ्चलगायत अन्य सरोकारवाला निकायका प्रतिनिधिहरू र SME तथा कृषि कर्जा लिएका ऋणीहरूसँग गभर्नरको उपस्थितिमा छलफल कार्यक्रम सम्पन्न भयो ।

गभर्नर डा.विश्वनाथ पौडेलको प्रमुख आतिथ्यमा सञ्चालित उक्त कार्यक्रममा सहायक निर्देशक भोजराज भट्टले सद्रदूरपश्चिम प्रदेश तथा कैलाली जिल्लामा निक्षेप तथा कर्जा प्रवाहको अवस्था, क्षेत्रगत कर्जा, भौगोलिक तथा जनसाङ्ख्यिक अवस्थाका सम्बन्धमा सङ्क्षिप्त प्रस्तुति दिनुभएको थियो । उपस्थित सहभागीहरूले समसामयिक आर्थिक स्थिति, ऋणीहरूले भोगेका समस्यालगायतका विषयमा जिज्ञासा राख्नु भएको थियो । सहभागीको तर्फबाट बोल्दै कैलाली उद्योग वाणिज्य सङ्घका अध्यक्ष पुष्पराज कुवँरले आर्थिक गतिविधि बढाउन तथा बैंक तथा वित्तीय संस्थामा थुप्रिएर रहेको रकमलाई उद्योग तथा कृषि क्षेत्रमा कर्जा विस्तार गर्न मौद्रिक नीतिमार्फत उचित व्यवस्था गर्नुपर्ने बताउनु भयो । त्यसै गरी बैंक तथा वित्तीय संस्थाका तर्फबाट बैंकर्स एसोसिएसन सुदूरपश्चिम च्याप्टरका संयोजक पुकार सुवेदीले परियोजनाहरू लगानीयोग्य रहेमा बैंक तथा वित्तीय संस्थाहरू लगानी गर्न जुनसुकै अवस्थामा पनि तयार रहेको र लगानी गरिरहेको बताउनुभयो ।

SME तथा कृषि कर्जा लिएका ऋणीहरूका समस्याहरूको पहिचान गरी समाधान खोज्ने उद्देश्यले सञ्चालित उक्त छलफल कार्यक्रममा धनगढी कार्यालयका निर्देशक केशवबहादुर केसीले स्वागत मन्तव्य र सहायक निर्देशक हरिलाल भट्टले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक गुरुप्रसाद पौडेलले सहभागीका जिज्ञासाको सम्बोधन गर्नुभएको थियो । गभर्नर डा. पौडेलले सहभागीहरूका समस्या सम्बोधन गर्न मौद्रिक नीतिमा आवश्यक व्यवस्था गर्ने बताउदै कार्यक्रम समापन गर्नुभएको थियो ।

कार्यक्रम पश्चात गभर्नर डा.विश्वनाथ पौडेलले नेपालगञ्ज कार्यालयको अवलोकन एवम् कार्यलयमा आयोजित छलफल कार्यक्रम मा सहभागी हुनुभएको थियो ।

कार्यालयका निर्देशक नारायणप्रसाद पोखेलको संयोजकत्वमा आयोजित उक्त कार्यक्रममा बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक गुरुप्रसाद पौडेल, वित्तीय संस्था सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक डा. सत्येन्द्र तिमल्सिना, बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक दीर्घबहादुर रावल एवम् गभर्नरको कार्यालयका का.मु कार्यकारी निर्देशक शरणकुमार अधिकारीसमेतको



उपस्थिति रहेको थियो । गभर्नर डा. पौडेलले नेपालगञ्ज उद्योग वाणिज्य संघका प्रतिनिधि एवम् नेपालगञ्जस्थित बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिहरूसँग भेटघाट एवम् समसामायिक विषयहरूमा छलफल गर्नुभयो । उक्त निकायहरूबाट उठेका विषयको सम्बोधन गर्दै गभर्नर डा. पौडेलले मुद्रास्फिति नियन्त्रण गर्न एवम् मूल्य स्थिरता कायम गर्न सबै मिलेर अघि बढ्नुपर्नेमा जोड दिनुभयो ।

यसै सन्दर्भमा गभर्नर डा.पौडेलले कार्यालयका कर्मचारीहरूसँग भेटघाट गर्नुभयो । सो क्रममा बैंकको उद्देश्य हासिल गर्न सबै कर्मचारी मिलेर अगि बढ्नुपर्ने बताउनुभयो । सोही अवसरमा उहाँले समस्याग्रस्त भएको कर्णाली विकास बैंकको सञ्चालक समितिसँग बैंकको विद्यमान




नेपालगञ्ज कार्यालय

अवस्था र आगामी कार्यदिशाबारे जानकारी लिँदै आगामी दिनमा राष्ट्र बैंकको नियामकीय एवम् सुपरिवेक्षकीय भूमिका थप प्रभावकारी हुने समेत बताउनुभयो । ■

# मौद्रिक नीतिको तेस्रो त्रैमासिक समीक्षा सार्वजनिक

नेपाल राष्ट्र बैंकले आर्थिक वर्ष २०८१/८२ को मौद्रिक नीतिको तेस्रो त्रैमासिक समीक्षा सार्वजनिक गरेको छ । बैंकले २०८२ जेठ ११ गते उक्त समीक्षा सार्वजनिक गरेको हो ।




समीक्षामार्फत बैंकले आन्तरिक आर्थिक तथा वित्तीय स्थिति र परिदृश्यका आधारमा मौद्रिक नीतिको कार्यदिशालाई सजगतापूर्वक सन्तुलित राखिएको जनाएको छ । नीतिगत दरलाई विद्यमान ५.० प्रतिशत, तल्लो सीमाको रूपमा रहेको निक्षेप सङ्कलन दरलाई ३.० प्रतिशत र ब्याजदर करिडोर अन्तर्गतको माथिल्लो सीमाको रूपमा रहेको बैंक दरलाई ६.५ प्रतिशतमा यथावत् राखिएको छ ।

विद्यमान सेयर धितो कर्जाको जोखिम भार १२५ प्रतिशतबाट घटाई १०० प्रतिशत कायम गरिने समीक्षामा उल्लेख छ । त्यस्तै वित्तीय प्रणालीको विद्यमान तरलताको अवस्था र पछिल्लो समय यस बैंकले खुला बजार कारोबार उपकरणहरूमा गरेको सुधारलाई दृष्टिगत गरी बैंक तथा वित्तीय संस्थाहरूले दैनिक ९० प्रतिशत न्यूनतम अनिवार्य नगद मौज्दात कायम राख्नुपर्ने व्यवस्था गरिने जनाइएको छ । विद्यमान अनिवार्य नगद मौज्दात र वैधानिक तरलतासम्बन्धी अनुपातलाई यथावत् राखिएको समीक्षामा उल्लेख छ ।

लगानी वातावरण सुधार गर्ने उद्देश्यले विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ र विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ मा भएको पछिल्लो संशोधनका व्यवस्थाहरूलाई समावेश गरी "नेपाल राष्ट्र बैंक विदेशी लगानी तथा विदेशी ऋण व्यवस्थापन विनियमावली, २०७८" परिमार्जन गरी जारी गरिने समीक्षामा उल्लेख छ । साथै, समिक्षमा बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को संशोधनबमोजिम चेक अनादरसम्बन्धी व्यहोरा प्रमाणित गर्ने कार्यविधि तर्जुमा गरी जारी गरिने उल्लेख छ ।

आन्तरिक आर्थिक गतिविधि, विदेशी विनिमय सञ्चितिले आयात धान्ने क्षमता एवम् मुद्रास्फीतिको अवस्थालाई दृष्टिगत गरी मौद्रिक उपायहरूमा आवश्यकतानुसार परिमार्जन गरिने जानकारीसमेत बैंकले दिएको छ । ■

# 'एकीकृत निर्देशन, २०८१' मा संशोधन


नेपाल राष्ट्र बैंकले 'क', 'ख' र 'ग' वर्गका बैंक तथा वित्तीय संस्थालाई जारी गरिएको 'एकीकृत निर्देशन, २०८१' मा संशोधन तथा परिमार्जन गरेको छ ।

बैंक तथा वित्तीय संस्था नियमन विभागले जेठ १४ गते परिपत्र जारी गर्दै यसको कार्यान्वयन गर्न इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थालाई निर्देशनसमेत दिएको छ । संशोधनअनुसार यस बैंकबाट इजाजतपत्रप्राप्त 'क', 'ख' र 'ग' वर्गका संस्थाले कुल निक्षेप दायित्वको ४ प्रतिशत अनिवार्य नगद मौज्दातबापत यस बैंकमा राख्नुपर्ने छ । यस व्यवस्थाबमोजिम कायम गर्नुपर्ने अनिवार्य नगद मौज्दातको न्यूनतम ९० प्रतिशत रकम मिति २०८२/०२/१८ देखि दैनिक रूपमा यस बैंकमा राख्नुपर्ने छ ।

यसैगरी सेयर धितो कर्जाको जोखिम भार १२५ प्रतिशतबाट घटाई १०० प्रतिशत कायम गरिएको उक्त परिपत्रमा उल्लेख छ । ■

# वित्तीय जानकारी इकाईद्वारा न्यूजलेटर सार्वजनिक

वित्तीय जानकारी इकाईले सन् २०२४ (जनवरीदेखि डिसेम्बरसम्म) का गतिविधिहरू समेटेर तयार पारेको न्युजलेटर (चौथो संस्करण) सार्वजनिक गरेको छ। सो न्युजलेटरमा इकाईका प्रमुख काम कारबाही, जानकारीमूलक सामग्री तथा विश्लेषणात्मक लेखहरू समावेश गरिएका छन्।




न्युजलेटरमा उल्लेख भएअनुसार, सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ बमोजिम सूचक संस्थाहरूबाट प्राप्त शङ्कास्पद कारोबार तथा गतिविधि प्रतिवेदनको सङ्ख्या सन् २०२३ मा ६,२५५ रहेकोमा सन् २०२४ मा उक्त सङ्ख्यामा करिब ४९ प्रतिशतले वृद्धि भई ९,३०४ पुगेको छ। सन् २०२४ मा इकाईले १,८९४ प्रतिवेदन विश्लेषण गरी, १,०८६ प्रतिवेदन अनुसन्धान तथा नियमनका लागि सम्बन्धित निकायमा पठाएको छ। बाँकी ८०८ प्रतिवेदन थप जानकारी प्राप्त भएपछि पुनः विश्लेषण गर्ने गरी अभिलेखीकरण गरिएको छ।

त्यसैगरी, सीमा कारोबार विवरण सन् २०२३ मा १७,८३,१८३ रहेकोमा सन् २०२४ मा १९,७२,८५५ पुगेको छ। गोएएमएल प्रणालीमा आवद्ध सूचक संस्था, अनुसन्धान तथा नियामक निकायहरूको सङ्ख्या पनि सो अवधिमा १,४९६ बाट बढेर १,९०५ पुगेको छ।

न्यूजलेटरमा दुईवटा विश्लेषणात्मक लेख तथा उपयोगी सामग्री र अन्तर्राष्ट्रिय प्रकाशनहरूको लिङ्कसहितको जानकारी समेटिएको छ। ■

# सुपरिवेक्षकीय कामकारबाहीसम्बन्धी अन्तरक्रिया

लघुवित्त संस्था सुपरिवेक्षण विभागले जेठ २ गते काठमाडौंमा सुपरिवेक्षकीय कामकारबाहीका विषयमा अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो।



स्थलगत/गैरस्थलगत सुपरिवेक्षण र निरीक्षण प्रतिवेदनमा एकरूपता कायम गर्ने उद्देश्यका साथ विभागले उक्त कार्यक्रम आयोजना गरेको हो। कार्यक्रममा विभागका सहायक निर्देशकद्वय अनिल सिवाकोटी र सृष्टी तिवारीले जोखिममा आधारित लेखापरीक्षणबारे कार्यपत्र प्रस्तुत गर्नुभयो। कार्यपत्रमा जोखिममा आधारित सुपरिवेक्षणको अवधारणा, यसको सैद्धान्तिक पक्ष, प्रक्रिया, यसका चुनौतीलगायतका विषयलाई समेटिएको थियो।

यसै गरी, उप-निर्देशक प्रमेश पोखरेलले लघुवित्त संस्थाको आधार दर निर्धारणका सम्बन्धमा दोस्रो कार्यपत्र प्रस्तुत गर्नुभयो। त्यस क्रममा उहाँले लघुवित्त संस्थामा आधार दरको औचित्य, आधार दर निर्धारणको प्रस्तावित ढाँचा र यसको कार्यान्वयनमा आउन सक्ने चुनौतीबारे चर्चा गर्नुभयो।

सो अवसरमा विभागका गैरस्थलगत सुपरिवेक्षण इकाई र प्रतिवेदन कार्यान्वयन इकाईका तर्फबाट विभिन्न संस्थाहरूका पछिल्लो सुपरिवेक्षकीय स्थितिबारे जानकारी गराइएको थियो। सोपश्चात् सहभागीहरूबीच विभागका कार्यसम्पादनका विषयमा छलफल भएको थियो। निर्देशक अजित रेग्मीले छलफल सत्रको सहजीकरण गर्नुभएको थियो। अन्तरक्रिया कार्यक्रममा विभागका कर्मचारीहरूको सहभागिता थियो।

कार्यक्रममा कार्यकारी निर्देशक विमलराज खनालले लघुवित्त संस्थामा निहित जोखिमका प्रकृतिबारे चर्चा गर्दै त्यस्ता जोखिमको न्यूनीकरण र व्यवस्थापनको निम्ति सुपरिवेक्षकीय कामकारबाही प्रभावकारी हुनुपर्ने आवश्यकता औंल्याउनुभयो।

सो अवसरमा निर्देशक विज्ञानराज सुवेदीले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्नुभयो भने उप-निर्देशक गेदा पंगेनीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो। ■

# समसामयिक आर्थिक तथा बैंकिङ्ग गतिविधि विषयक अन्तरक्रिया सम्पन्न

वीरगञ्ज कार्यालयले जेठ ८ गते 'समसामयिक आर्थिक तथा बैंकिङ्ग गतिविधि' विषयक अन्तरक्रिया कार्यक्रम आयोजना गर्‍यो।

प्रदेशस्थित बैंक तथा वित्तीय संस्थाका प्रमुख/प्रतिनिधि, उद्योग वाणिज्य संघका प्रतिनिधि, उद्योगी तथा अन्य सरोकारवाला निकायका प्रतिनिधि गरी जम्मा ४५ जनाको उपस्थितिमा वीरगञ्जमा कार्यक्रम आयोजना भएको हो। कार्यालयका निर्देशक सुशिल पौडेलको अध्यक्षतामा आयोजित उक्त कार्यक्रममा उप-निर्देशक यज्ञ श्रेष्ठले बैंकिङ्ग गतिविधि, अर्थतन्त्रको अवस्थालगायत अन्य समसामयिक विषयमा तथ्यगत रूपमा कार्यपत्र प्रस्तुत गर्नुभयो। उहाँले कार्यपत्र प्रस्तुत गर्दै मुलुकको वर्तमान आर्थिक अवस्था, राष्ट्र बैंकले खेल्दै आएको भूमिका, उद्योगी-व्यवसायीहरूको नेपाल राष्ट्र बैंक र वाणिज्य बैंकहरूसँगको अपेक्षा, सुझाव र गुनासो, वित्तीय तथा आर्थिक स्थायित्वलगायतका विषयमा प्रष्ट पार्नुभयो।




कार्यक्रममा निर्देशक पौडेलले वाणिज्य बैंकका क्रियाकलाप समयसापेक्ष परिवर्तित हुनुपर्ने तथा प्रवर्द्धनकारी हुनुपर्नेमा जोड दिँदै सहभागीका जिज्ञासाहरूको सम्बोधन गर्नुभएको थियो। उक्त कार्यक्रम प्रधान-सहायक उपेन्द्र चौधरीले सञ्चालन गर्नुभएको थियो। ■

# लघुवित्त वित्तीय संस्थासँग अन्तरक्रिया कार्यक्रम

धनगढी कार्यालयले जेठ ११ गते कैलाली कञ्चनपुर, डोटी र डडेल्धुरा जिल्लामा अवस्थित लघुवित्त वित्तीय संस्थाका प्रमुख तथा प्रतिनिधिहरूको सहभागितामा छलफल कार्यक्रम धनगढीमा आयोजना गर्‍यो। कार्यक्रम कार्यालयका निर्देशक केशवबहादुर केसीको अध्यक्षतामा सम्पन्न भएको थियो।

उक्त कार्यक्रममा सहायक निर्देशक भोजराज भट्टले लघुवित्त वित्तीय संस्थाको लागि पछिल्लो पटक जारी गरिएको परिपत्र, लघुवित्त वित्तीय संस्थाको समस्या र समाधान अध्ययन प्रतिवेदनको सङ्क्षिप्त जानकारी, सुदूरपश्चिम प्रदेशमा रहेका लघुवित्त वित्तीय संस्थाको सङ्ख्या, निक्षेप तथा कर्जा र निष्क्रिय कर्जाको वर्तमान अवस्थालगायतका विषय समेटेर प्रस्तुति दिनुभएको थियो।



कार्यालयका निर्देशक केशव बहादुर के.सी.ले कार्यक्रममा मन्तव्य राख्दै लघुवित्त वित्तीय संस्थाले गरिबी घटाउने, वित्तीय साक्षरता अभिवृद्धि गर्ने कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गरेको, लघुवित्त वित्तीय संस्थाले पछिल्लो समयमा अत्याधिक मात्रामा कर्जा प्रवाह गरेको तथा नाफामुखी बन्दै गएकाले समेत हालको समस्या सृजना भएको उल्लेख गर्नुभयो। यसका साथै लघुवित्त वित्तीय संस्थाले long term fund management तथा कर्जा प्रवाह गर्दा ऋणीको सही पहिचान गनुपर्ने कुरामा जोड दिनुभयो।

अन्तरक्रियाका क्रममा लघुवित्त वित्तीय संस्थाका प्रतिनिधिहरूले कर्जा असुली गर्ने क्रममा कर्मचारी असुरक्षित हुने गरेको, विभिन्न किसिमका बैंक तथा वित्तीय संस्था विरोधी अभियानहरूले कर्जा असुलीमा चुनौती थपेको, लघुवित्त वित्तीय संस्थाहरूलाई स्थानीय निकायबाट हुने असहयोगलगायतका समस्या रहेको उल्लेख गरेका थिए। साथै, लघुवित्त वित्तीय संस्थाका कर्जा सदुपयोगिताका सफल उदाहरणलाई बैंकको वेबसाइटमा स्थान दिइनुपर्ने, एउटा स्थानीय तहमा दुईवटाभन्दा वढी लघुवित्त वित्तीय संस्था हुन नहुने, नियतवश कर्जा नतिर्ने ऋणीलाई कारबाहीको उपयुक्त व्यवस्था हुनपर्ने लगायतका सुझावहरू समेत समावेश थिए।

कार्यक्रममा उप-निर्देशक झकेन्द्रबहादुर शाहीले स्वागत मन्तव्य राख्नुभएको थियो भने प्रधान सहायक सहदेव भट्टराईले कार्यक्रम सञ्चालन गर्नुभएको थियो। ■

# राजनीतिक अस्थिरताबीच बङ्गलादेशको बैंकिङ क्षेत्रको अवस्था



अङ्गदीप न्यौपाने
सहायक निर्देशक

## विषय प्रवेश

केही समयअघि बङ्गलादेशका गभर्नरले प्रेस सम्मेलनमा बङ्गलादेशमा रहेका बैंक तथा वित्तीय संस्थाहरू मध्ये न्यूनतम १० वाणिज्य बैंकहरू टाट पल्टिन सक्ने सूचना दिए सँगै गभर्नरले यस्तो जानकारी दिन हुने वा नहुने भन्ने विवाद चर्कियो ।[1] गभर्नर अहसन हबिब मन्सुरले ११ वटा वाणिज्य बैंकमध्ये २ वटा बैंक, इस्लामिक र युनाइटेड बैंक सुधारको क्रममा रहेको तर बाँकी बैंकहरूको अवस्था राम्रो नरहेकोले डुब्ने खतरा रहेको, १५ वर्षसम्म बैंकको सम्पत्ति दुरुपयोग भई सम्पत्ति शुद्धीकरण भएको र सो फिर्ता हुन नसक्ने भनी सार्वजनिक वक्तव्य दिएका थिए ।

बङ्गलादेशमा करिब दुई महिना लामो विद्यार्थी आन्दोलनले १५ वर्षसम्म सत्तामा रहेकी तत्कालीन प्रधानमन्त्री शेख हसिनाले पद त्याग गरेपश्चात नोबेल पुरस्कार विजेता प्रोफेसर मुहम्मद युनुसको संयोजकत्वमा अन्तरिम सरकार गठन भयो र अन्तरिम सरकारले अन्तर्राष्ट्रिय मुद्रा कोषका पूर्व अर्थशास्त्री डा. अहसन हबिब मन्सुरलाई केन्द्रीय बैंकको गर्भनर नियुक्त गऱ्यो ।

राजनीतिक परिवर्तनपश्चात् अर्थतन्त्रमा केही समस्या सुरु भइसकेको अवस्थामा अर्थतन्त्र चलायमान बनाई बैकिङ क्षेत्रलाई सबल बनाउने जिम्मा केन्द्रीय बैंकका नयाँ गर्भनरको काँधमा आएसगैं बङ्गलादेश बैंकले ११ वटा वाणिज्य बैंकको सञ्चालक समितिलाई खारेज गरी नयाँ सञ्चालक समिति गठन गर्ने जस्ता कठोर कदम चाल्यो । जसमध्ये एक वाणिज्य बैंकको सञ्चालक समिति करिब पाँच महिनाको अवधिमा तेस्रो पटक परिवर्तन भइसकेको छ ।

## बङ्गलादेशमा रहेका बैंकहरूको वित्तीय अवस्था

१. बैंक कम्पनी ऐन, १९९१ (संशोधित २०१३) अनुसार बङ्गलादेशमा राज्यको लगानी रहेका ६ वटा State owned Commercial Banks, ३ वटा विशिष्टीकृत बैंक, ४३ वटा प्राइभेट बैंक (१० इस्लामिक र ३३ अन्य निजी बैंक), ९ वटा विदेशी वाणिज्य बैंक र १ वटा डिजिटल बैंक गरी जम्मा ६२ Scheduled Banks रहेका छन् ।[2] बङ्गलादेशमा अन्य ५ Unscheduled Banks रहेका छन् जुन बैंकहरू बैंक कम्पनी ऐन, १९९१ अनुसार दर्ता नभएका तर अन्य ऐनअनुसार दर्ता भएर सञ्चालनमा रही बैकिङ सेवा प्रदान गर्दै आइरहेका छन् । यी बैंकहरूले Scheduled Bank जसरी सबै प्रकारका बैकिङ कार्य गर्न भने पाउँदैनन् ।

२. **पुँजी र जोखिम भारित सम्पत्तिको अनुपात**
Basel Committee on Banking Supervision (BCBS) ले जारी गरेको Basel 3 को मापदण्डअनुरूप बङ्गलादेश बैंकले सन् २०२० सम्म पूर्ण रूपमा पालना गर्ने गरी सन् २०१४ मा लागू गरेको Guidelines on Risk Based Capital Adequacy को व्यवस्था बमोजिम बैंकले १० प्रतिशत (Capital Conservation Buffer बाहेक) न्यूनतम पुँजीकोष कायम गनुपर्ने व्यवस्था रहेको छ ।
बङ्गलादेश बैंकले प्रकाशन गरेको २०२४ सेप्टेम्बरसम्मको वित्तीय विवरणअनुसार विशिष्टीकृत बैंकहरूको पुँजी र जोखिम भारित सम्पत्तिको अनुपात ४० प्रतिशतभन्दा बढीले ऋणात्मक रहेको, राज्यको लगानी रहेको बैंकहरूको सो अनुपात २०२४ जुनसम्म न्यून रहेकामा २०२४ सेप्टेम्बरमा ऋणात्मक भएको, निजी बैंकहरू सो अनुपात १० प्रतिशतभन्दा तल रहेको छ । विदेशी बैंकहरूमा सो अनुपात ४० प्रतिशत हाराहारीमा रहेको छ ।

३. **निष्कृय कर्जा**
२०२४ सेप्टेम्बरको तथ्याङ्कअनुसार बङ्गलादेशमा रहेका बैंकहरूको औसत निष्कृय कर्जा १६.९ प्रतिशत रहेको छ जसमध्ये राज्यको लगानी रहेका बैंकहरूको निष्कृय कर्जा औसतमा ४०.३ प्रतिशत रहेको र यस्तो कर्जा बढ्दो क्रममा रहेको छ । तर विदेशी लगानी रहेका बैंकहरूको औसत निष्कृय कर्जा न्यून रहेको छ ।

४. **लाभप्रदता**
बैंकिङ क्षेत्रको नाफाअन्तर्गत Return On Assets (ROA) र Return On Equity (ROE) दुबै घट्दो क्रममा रहको छ । बैंकहरूको औसत ROA ०.२३ प्रतिशत र औसत ROE ४.३२ प्रतिशत रहेको छ । राज्यको लगानी रहेका बैंक र विशीष्टीकृत बैंकहरू निरन्तर घाटामा रहेका छन् ।
बङ्गलादेश कृषि बैंक (विशीष्टीकृत बैंक) को आ.व. २०२२/२३ को वार्षिक वित्तीय विवरणअनुसार बैंकको चुक्ता पुँजी ९ विलियन, करपछिको खुद घाटा २३ विलियन ८४८ मिलियन, ब्याज आम्दानी ५ विलियन ५५ मिलियन ऋणात्मक, सञ्चित नाफा १५१ विलियन १५० मिलियन ऋणात्मक, बैंकको सेयरधनीको इक्विटी १२७ विलियन ९१२ मिलियन टाका ऋणात्मक, ROA ५.७७ प्रतिशत ऋणात्मक र ROE १८.६४ प्रतिशतले ऋणात्मक रहेका छन् ।

## बैंकहरूको वित्तीय अवस्था खस्कँदै जानुका केही कारणहरू :

१. **कमजोर संस्थागत क्षमता/सुशासन :** राज्यको लगानी रहेको र विशिष्टीकृत बैंकहरूको सञ्चालक समितिको नियुक्तिलगायत दैनिक काम-कारवाहीमा राजनीतिक हस्तक्षेप हुने गरेको देखिन्छ । राजनीतिक तवरबाट हुने हस्तक्षेपले गर्दा समूहगत वा व्यक्तिगत स्वार्थको आधारमा कर्जा प्रवाह हुने गरेको पाइन्छ ।

२. **संस्थागत संरचना :** अर्थ मन्त्रालयअन्तर्गत रहेको वित्तीय संस्था महाशाखालाई प्रदान गरेको कानुनी अधिकार र बङ्गलादेश बैंकको अधिकारबीच विरोधाभास रहेको कारण

1 https://www.thedailystar.net/business/news/weak-banks-may-face-closure-3833546
2 https://www.bb.org.bd/en/index.php/financialactivity/bankfi

राज्यको लगानी रहेको र विशिष्टीकृत बैंकहरूलाई अर्थ मन्त्रालयअन्तर्गत रहेको महाशाखा र बङ्गलादेश बैंक दुबैले नियमन गर्ने हुँदा बैंकको नियमन, सञ्चालनलगायत व्यवस्थापनका विषयमा समस्या सिर्जना भएको देखिन्छ । खराब अवस्थामा रहेका केही बैंकहरूलाई पुनः पुँजीकरणका लागि सन् २००९ देखि २०१७ सम्म सरकारले १५७ बिलियन टाका खर्च गरिसकेको[3] भए तापनि राज्यको लगानी रहेको बैंक र विशिष्टीकृत बैंकहरूको वित्तीय अवस्था सुधारोन्मुख रहेको देखिँदैन ।

३. **धेरै बैंकको सञ्चालकमा एकै समूहको पकड/प्रतिनिधित्व :** बङ्गलादेशमा चर्चित एस आलम ग्रुपको बङ्गलादेशमा रहेका १० भन्दा बढी बैंकमा पूर्ण वा आंशिक लगानी रहेको र सो बैंकहरूको सञ्चालक समिति र उच्च व्यवस्थापनमा उक्त समूहको पकड रहेकोले कर्जामा समेत सोही समूहको वर्चस्व रहेको देखिन्छ । यसरी प्रवाह भएको कर्जाको निष्पक्ष विश्लेषण हुने गरेको पाइदैन ।[4] हाल बङ्गलादेश बैंकले सो समूहको वर्चस्वलाई कम गर्न बैंकको सञ्चालक समिति खारेज गरेको छ । साथै, नयाँ सञ्चालक समिति गठन गरी केही बैंकको उच्च व्यवस्थापन पनि परिवर्तन गरेको छ ।[5]

४. **यथार्थपरक सूचना ढाकछोप :** अन्तरिम सरकारले जारी गरेको श्वेतपत्र[6] अनुसार सन् २०१८ देखि पुँजी पर्याप्तता, Basel III अनुसार Disclosure Requirement, कर्जाको गुणस्तर, व्यवस्थापन, नाफा र तरलतासँग सम्बन्धित यथार्थपरक विवरणहरू बङ्गलादेश बैंकले प्रकाशन नगरेको र केही प्रकाशित विवरणहरू पनि परिमार्जित गरेको उल्लेख छ ।

५. **सम्पत्ति शुद्धीकरण :** बङ्गलादेशमा रहेका बैंकहरूबाट लामो समयदेखि सम्पत्ति शुद्धीकरण भएको र सन् २०१४ देखि २०१६ सम्म एबि बैंकको अफसोर बैंकिङ प्रयोग गरी करिव २३६ करोड टाका लण्डरिङ भएको समाचार प्रकाशनमा आएको थियो ।[7] Global Financial Integrity (GFI) को प्रतिवेदनले सन् २००५ देखि २०१५ सम्म करिब ४७ बिलियनदेखि ६७ बिलियन अमेरिकी डलरसम्म अवैध रकमान्तर भएको तथ्याङ्क प्रकाशन गरेको थियो ।

अन्तरिम सरकारले देशको आर्थिक स्थितिबारे जानकारी दिन बनाएको कार्यदलले श्वेत पत्र (State of the Bangladesh Economy in FY2024-25 : Navigating Expectations in Turbulent Times)[8] जारी गऱ्यो । जसअनुसार बङ्गलादेशमा रहेका बैंकहरूको जुन, २०२४ मा १०.६४ प्रतिशत रहेको पुँजी र जोखिम भारित सम्पत्तिको अनुपात घटेर सेप्टेम्बर,२०२४ मा ६.८६ प्रतिशत पुग्यो । साथै, उक्त कार्यदलले निष्कृय कर्जा टाका २८४,९७७ करोड रहेको (कुल कर्जाको १७ प्रतिशत) तथ्याङ्क प्रकाशन गऱ्यो ।

**बैंक तथा वित्तीय संस्थाहरूमा एकै व्यक्ति वा समूहको लगानी रहने, सञ्चालक तथा उच्च व्यवस्थापनमा एकै समूह वा सीमित समूहको पकड रहनाले समग्र बैंकिङ क्षेत्रको कर्जामा सीमित व्यक्ति वा समूहको पहुँच रहन्छ । फलस्वरूप बैंकको कर्जाको गुणस्तर खस्कने, बैंकिङ सम्पत्तिहरू दुरुपयोग हुने तथा समग्र बैंकिङ क्षेत्रमा समस्या सिर्जना हुनसक्छ ।**

### नेपालले के सिक्न सक्छ ?

१. बैंक तथा वित्तीय संस्थाहरूमा एकै व्यक्ति वा समूहको लगानी रहने, सञ्चालक तथा उच्च व्यवस्थापनमा एकै समूह वा सीमित समूहको पकड रहनाले समग्र बैंकिङ क्षेत्रको कर्जामा सीमित व्यक्ति वा समूहको पहुँच रहन्छ । फलस्वरूप बैंकको कर्जाको गुणस्तर खस्कने, बैंकिङ सम्पत्तिहरू दुरुपयोग हुने तथा समग्र बैंकिङ क्षेत्रमा समस्या सिर्जना हुनसक्छ । नेपालको संसद, अर्थ समितिलगायत विभिन्न सरकारी तथा अन्य आर्थिक बहसमा बाफिया (BAFIA-Bank and Financial Institutions Act) संशोधनको विषयमा बैंक र उद्योगी व्यवसायी छुट्याउने/नछुट्याउने विषयमा वहस भइरहेको सन्दर्भमा यस्तो किसिमको अन्तर्राष्ट्रिय घटनाबाट पाठ सिकेर उचित निर्णय लिन उपयुक्त देखिन्छ ।

२. सरकार र केन्द्रीय बैंकबीच समन्वय कायम राखी केन्द्रीय बैंकलाई दिइएको कानुनी अधिकारअनुसारको काम गर्न र आफ्नो उद्देश्य पूरा गर्न आवश्यक स्वायत्तता प्रदान गरे मात्र वित्तीय क्षेत्रमा सुशासन कायम रहन सक्छ ।

३. केन्द्रीय बैंकले तर्जुमा गर्ने नीतिमा कतिपय विषयहरू प्राविधिक रहने गर्दछ जुन सर्वसाधारणलाई बुझ्न कठिन हुन पनि सक्छ । केन्द्रीय बैंकले औपचारिक वा अनौपचारिक माध्यमबाट सम्प्रेषण गरेका सूचनाहरू प्राविधिक विश्लेषण नभई सर्वसाधारण, सामाजिक सञ्जाल वा सञ्चार माध्यमहरूमा फरक तरिकाले विश्लेषण हुँदा बैंकिङ क्षेत्रमा तनाव सिर्जना हुने जोखिम रहन्छ । यस्ता जोखिम न्यूनीकरण गर्न केन्द्रीय बैंकले सम्भावित जोखिमलाई ख्याल राखी समाचार वा सूचना सम्प्रेषण गर्नुपर्ने हुन्छ ।

४. सरकारी लगानी रहेका बैंकहरूमा सञ्चालक समिति र उच्च व्यवस्थापनका केही सदस्यहरू सरकारले नियुक्त गर्ने हुँदा उचित व्यक्तिको छनोटमा ध्यान दिनुपर्दछ । विगतमा सरकारी लगानी रहेका बैंकहरूमा विभिन्न समस्याहरू देखिएकोले यस्ता बैंकहरूको बैंकिङ अभ्यासमा शुसासन कायम गर्न सरकार र केन्द्रीय बैंक थप सचेत रहनु पर्ने देखिन्छ । ■

3 CPD (2024): Bringing Discipline in the Banking Sector: What Should be Done Immediately
4 New Age | Yet another loan scam, yet another central bank failure
5 https://www.tbsnews.net/economy/banking/mds-6-banks-including-4-controlled-s-alam-sent-leave-1035446
6 https://cpd.org.bd/resources/2025/01/IRBD-FY25-1st-Reading-Paper.pdf
7 https://www.newagebd.net/article/122440/ab-bank-siphons-tk-236cr-more
8 https://cpd.org.bd/resources/2025/01/IRBD-FY25-1st-Reading-Paper.pdf

## Major Financial Indicators

as on Baisakh End, 2082 (Mid-May, 2025)

| | | Class "A" | Class "B" | Class "C" | Overall |
|---|---|---|---|---|---|
| **A. Credit, Deposit Ratios (%)** | | | | | |
| 1 | Total Deposit/GDP | 100.68 | 9.98 | 2.07 | 112.73 |
| 2 | Total Credit/GDP | 80.38 | 8.50 | 1.66 | 90.54 |
| 3 | Total Credit/ Total Deposit** | 79.83 | 85.18 | 80.27 | 80.31 |
| 4 | CD Ratio* | 78.57 | 84.77 | 79.75 | 79.13 |
| 5 | Fixed Deposit/Total Deposit | 49.99 | 53.24 | 66.77 | 50.59 |
| 6 | Saving Deposit/Total Deposit | 35.86 | 37.11 | 23.58 | 35.74 |
| 7 | Current Deposit/Total Deposit | 6.06 | 2.06 | 1.08 | 5.61 |
| 8 | Call Deposit/Total Deposit | 7.32 | 7.47 | 8.51 | 7.35 |
| 9 | NPL/ Total Loan^ | 5.05 | 5.56 | 13.04 | 5.24 |
| 10 | Total LLP /Total Loan | 5.22 | 5.32 | 11.70 | 5.35 |
| 11 | Deprived Sector Loan/Total Loan $^ | 5.60 | 7.12 | 5.47 | 5.74 |
| **B. Liquidity Ratios (%)** | | | | | |
| 1 | Cash & Bank Balance/Total Deposit | 7.43 | 6.17 | 7.15 | 7.32 |
| 2 | Investment in Gov. Securities/Total Deposit | 16.93 | 14.11 | 11.66 | 16.59 |
| 3 | Total Liquid Assets/Total Deposit | 25.15 | 22.00 | 23.97 | 24.85 |
| **C. Capital Adequacy Ratios (%)** | | | | | |
| 1 | Core Capital/RWA | 9.50 | 10.24 | 10.19 | 9.57 |
| 2 | Total Capital/RWA | 12.39 | 12.87 | 12.33 | 12.42 |
| **D. Financial Access** | | | | | |
| 1 | No. of institutions | 20 | 17 | 17 | 54 |
| 2 | No. of Branches | 5,083 | 1,133 | 291 | 6,507 |
| 3 | No. of Deposit Accounts | 50,620,362 | 7,445,145 | 962,971 | 59,028,478 |
| 4 | No.of Loan Accounts | 1,632,914 | 272,438 | 47,656 | 1,953,008 |
| 5 | No. of Branchless Banking Centers | 934 | 17 | - | 951 |
| 6 | No. of Branchless Banking Customers | 287,374 | 1,018 | - | 288,392 |
| 7 | No. of Mobile Banking Customers | 23,379,325 | 3,597,836 | 286,230 | 27,263,391 |
| 8 | No. of Internet Banking Customers | 1,813,406 | 591,661 | 17,971 | 2,423,038 |
| 9 | No. of ATMs | 4,881 | 344 | 41 | 5,266 |
| 10 | No. of Debit Cards | 12,243,187 | 1,214,017 | 74,346 | 13,531,550 |
| 11 | No. of Credit Cards | 303,654 | 3,139 | - | 306,793 |
| 12 | No. of Prepaid Cards | 236,086 | 3,968 | - | 240,054 |
| **E. Interest Rate(%)** | | | | | |
| 1 | **Wt. Avg Interest Rate on Deposit** | **4.37** | | | |
| | (a) Saving | 3.38 | | | |
| | (b) Fixed | 5.97 | | | |
| | (c) Call | 1.10 | | | |
| 2 | **Wt. Avg Interest Rate on Credit** | **8.11** | | | |

**Note:**

Bank balance includes money at call

Nominal GDP for 2024/25(P) stands at Rs. 6,107,220 million

(Source:https://nsonepal.gov.np/content/13365/annuppout-statistics-regarding-national-audit-of-national/)

Number of branches include head office, banking branches and extention counters

$ 6 months prior Total Loan has been used to calculate Deprived Sector Lending Ratio

^Data as on Chaitra end of FY2081/82 (2024/25)

$$*\text{CD Ratio} = \frac{Total\ Credit}{Total\ Deposit + Debentures\ not\ designated\ for\ capital\ fund + NRB\ Refiance\ loan + FCY\ loan\ more\ than\ or\ equal\ to\ 1\ year - Interbank\ Deposit}$$

$$**\text{Total Credit / Total Deposit} = \frac{Total\ Credit}{Total\ Deposit}\quad \text{(As per balance sheet)}$$

# रौतहटमा अनुशिक्षण कार्यक्रम सम्पन्न



वीरगञ्ज कार्यालयले जेठ १ गते रौतहटको गरुडामा "शंकास्पद विदेशी मुद्रा पहिचान, बैकिङ कारोबार सञ्चालन, नोट सर्टिङ तथा जाली नोट पहिचान" सम्बन्धी एक दिने अनुशिक्षण कार्यक्रम सम्पन्न गऱ्यो । उक्त कार्यक्रममा विभिन्न बैंक तथा वित्तिय संस्थाका कर्मचारी, सुरक्षा निकाय (नेपाल प्रहरी र सशस्त्र प्रहरी बल), उद्योगी व्यवसायीलगायतका प्रतिनिधिहरू गरी करिब ७० जनाको सहभागिता रहेको थियो ।

उक्त कार्यक्रममा मुद्रा व्यवस्थापन विभागका सहायक निर्देशक कुशल श्रेष्ठ तथा बैंकिङ विभागका सहायक निर्देशक दीपेश श्रेष्ठले जाली नोट पहिचान, यसले अर्थतन्त्रमा पर्ने नकारात्मक प्रभाव, चुनौती र समाधानका उपायका विषयमा प्रकाश पार्नुभयो । कार्यक्रममा शंकास्पद विदेशी मुद्राको पहिचान, जाली नोट कारोबारको रोकथाम र यस विषयमा जनचेतनाको आवश्यकता सन्दर्भमा सहभागीबीच छलफल भएको थियो ।

कार्यक्रममा वीरगञ्ज कार्यालयका निर्देशक सुशिल पौडेलले जाली नोटले अर्थतन्त्रमा पर्ने नकारात्मक प्रभावका विषयमा चर्चा गर्नुहुँदै यसको न्यूनीकरणका लागि बैंकिङ क्षेत्र, सुरक्षा निकाय तथा समाजको भूमिका महत्वपूर्ण रहनेमा जोडदिनु भयो । साथै, उहाँले प्रविधिको प्रयोगमार्फत यसको रोकथाम गर्न सकिने धारणा व्यक्त गर्नुभयो । कार्यक्रममा सहायक निर्देशक विनय केशरीले स्वागत मन्तव्य व्यक्त गर्नुभयो भने कार्यालयका का.मु सहायक निर्देशक वीरबहादुर जयसवालले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । ■

# ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न



२०८२ जेठ महिनामा विभिन्न विभाग तथा कार्यालयबाट ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न भए ।

यस क्रममा मौद्रिक व्यवस्थापन विभागले जेठ ५ गते दैनिक तरलता सुविधा विषयमा ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न गऱ्यो । कार्यकारी निर्देशक दयाराम शर्मा पंगेनीको उपस्थितिमा सम्पन्न उक्त कार्यक्रममा सहायक निर्देशक ममता के.सी.ले दैनिक तरलता सुविधासम्बन्धी विषयमा प्रस्तुति दिनुभएको थियो ।

प्रस्तुतिको क्रममा सहायक निर्देशक के.सी.ले दैनिक तरलता सुविधालाई व्यवस्थित गर्न बैंकद्वारा तर्जुमा गरी लागु गरिएको दैनिक तरलता सुविधासम्बन्धी कार्यविधि, २०७६ मा भएका व्यवस्थाका बारेमा चर्चा गर्नुभयो । यस अघि कार्यक्रममा स्वागत मन्तव्य राख्दै निर्देशक निभा श्रेष्ठले कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्नुभएको थियो ।

कार्यक्रमको अन्त्यमा कार्यकारी निर्देशक दयाराम शर्मा पंगेनीले बैंक तथा वित्तीय संस्थाहरूको RTGS Settlement Account मा तत्काल मौज्दात अपुग भएको अवस्थामा बैंकद्वारा लागु गरिएको नीतिगत व्यवस्थाको अधीनमा रही बैंक तथा वित्तीय संस्थालाई तरलता उपलब्ध गराउने र भुक्तानी तथा प्राप्ति कार्यलाई सहजीकरण गर्ने उद्देश्यले



दैनिक तरलता सुविधाको व्यवस्था गरिएको उल्लेख गर्दै सो कार्यमा मौद्रिक व्यवस्थापन विभाग, भुक्तानी प्रणाली विभाग र बैंकिङ विभागको भूमिकाबारेमा संक्षेपमा प्रकाश पार्नुभयो। उहाँले यस प्रकारको ज्ञान आदानप्रदान कार्यक्रमबाट विभागभित्रका फाँटहरूका साथै अन्य विभागहरूको कार्यप्रकृति बारेमा समेत जानकारी हासिल गर्न सकिने हुँदा ज्ञान आदानप्रदान कार्यहरूको ठूलो महत्व रहेको बताउनुभयो। सो कार्यक्रम सहायक निर्देशक रोजिना शिवाकोटीले सञ्चालन गर्नुभएको थियो।

यसै गरी जनकपुर कार्यालयको वार्षिक कार्ययोजनाबमोजिम ज्ञान आदान प्रदान कार्यक्रम जेठ २१ गते कार्यालयको सभाहलमा सम्पन्न भयो। कार्यालयका निर्देशक डिलाराम सुवेदीको सभापतित्वमा सम्पन्न सो कार्यक्रममा उप निर्देशक स्नेहा अग्रवालले "Relevance of Approved NRB Documents: A Foundation for Effective Operations" विषयमा वार्ता प्रस्तुत गर्नुभयो। त्यस क्रममा उहाँले नेपाल राष्ट्र बैंकमा कागजातको महत्व, विभिन्न ऐन, कार्यविधि तथा विनियमावलीहरूको आवश्यकता, उद्देश्यलगायतका विषयहरूमा जानकारी दिनुभयो। कार्यक्रमको सञ्चालन सहायक धीरेन्द्र शर्माले गर्नुभएको थियो।

यसै क्रममा गभर्नरको कार्यालयले जेठ २२ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो। काठमाडौं उपत्यकास्थित विभिन्न विभाग/कार्यालयका ५० जना कर्मचारीको सहभागिता रहेको उक्त कार्यक्रममा वित्तीय जानकारी इकाईका प्रमुख/निर्देशक वासुदेव भट्टराईले "Nepal's Mutual Evaluation: Reasons for 'Increased Monitoring' and way forward" विषयमा वार्ता प्रस्तुत गर्नुभयो। त्यस क्रममा उहाँले सन् २०२३ मा सम्पन्न नेपालको पारस्परिक मूल्याङ्कनका क्रममा देखिएका कैफियत र तिनको समाधानका लागि नेपालले आगामी दिनमा चाल्नुपर्ने कदमका बारेमा चर्चा गर्नुभयो। सो अवसरमा उहाँले पारस्परिक मूल्याङ्कन प्रतिवेदन २०२३ का मुख्य निष्कर्ष, ग्रे लिष्टका सम्भावित परिणाम, पारस्परिक मूल्याङ्कन प्रतिवेदन २०२३ पछिको प्रगति, नेपाल राष्ट्र बैंकको तर्फबाट गर्नुपर्ने कार्य, ग्रे लिष्टबाट बाहिरिने उपायलगायतका विषयमा जानकारी दिनुभयो।

गभर्नरको कार्यालयका का.मु.निर्देशक सुमन नेउपानेले धन्यवाद ज्ञापनसहितको समापन मन्तव्य राख्नुभएको थियो भने उप-निर्देशक डा.भागवत आचार्यले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै स्वागत मन्तव्य राख्नुभएको थियो। कार्यक्रम सञ्चालन सहायक निर्देशक सविना बखाद्योले गर्नुभएको थियो।

यसै गरी नेपालगञ्ज कार्यालयले जेठ २५ गते ज्ञान आदान-प्रदान कार्यक्रम आयोजना गऱ्यो। कार्यक्रममा कार्यालयका सहायक आश्रित ओझाले 'Financial Inclusion and Financial Literacy' विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। उहाँले वित्तीय समावेशिता तथा वित्तीय साक्षरताको परिचय, रूपरेखा, महत्व, वित्तीय समावेशिताका रणनीति, वित्तीय स्थायीत्व, डिजिटल वित्तीय सेवा, ग्राहक संरक्षणको परिचय, रूपरेखा, वित्तीय समावेशितामा ग्राहक संरक्षणको भूमिका, डिप्रोक्स नेपालको परिचय लगायत अन्य विषयहरूमा आधारभूत ज्ञान प्रदान गर्नुका साथै सहभागी कर्मचारीहरूबाट उठेका जिज्ञासाको सम्बोधनसमेत गर्नुभएको थियो। सोही अवसरमा निर्देशक नारायणप्रसाद पोखेलले वित्तीय समावेशिता तथा वित्तीय साक्षरतासम्बन्धी ज्ञानले व्यक्तिमा वित्तीय निर्णयहरू प्रभावकारी रूपमा लिन सक्ने क्षमता बढाउने भएकाले सबैले आ-आफ्नो तर्फबाट आफूमा भएको वित्तीय ज्ञान तथा सीप समाजमा रहेका विभिन्न वर्गका मानिसहरूलाई सिकाउनुपर्ने कुरामा जोड दिनुभयो। कार्यालयका निर्देशकज्यूको अध्यक्षतामा आयोजित ३० जना कर्मचारीहरूको सहभागिता रहेको उक्त कार्यक्रमको सञ्चालन सहायक सौगात परियारले गर्नुभएको थियो

धनगढी कार्यालयले जेठ २९ गते ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो। उक्त कार्यक्रममा सहायक निर्देशक अर्जुनबहादुर धामीले 'जाली तथा शङ्कास्पद नोटको पहिचान' बिषयमा वार्ता प्रस्तुत गर्नु भएको थियो।

यस क्रममा सहायक निर्देशक धामीले जाली तथा शङ्कास्पद नोटको परिचय तथा सोको सम्बन्धमा रहेका कानुनी व्यवस्था, नेपाली नोटमा रहेका सुरक्षण विशेषताहरू, जाली तथा शङ्कास्पद नोटको प्रयोगले अर्थतन्त्रमा पार्ने प्रभाव तथा जाली तथा शङ्कास्पद नोटको रोकथामका लागि चाल्नु पर्ने कदमका बारेमा जानकारी दिनुभयो। निर्देशक केशबबहादुर के.सी.को अध्यक्षतामा सञ्चालित कार्यक्रममा कार्यालयका कर्मचारीहरूको सहभागिता रहेको थियो। उक्त कार्यक्रमको सञ्चालन प्रधान सहायक सहदेव भट्टराईले गर्नुभएको थियो। ■





# अन्तरक्रिया कार्यक्रम सम्पन्न



सम्पत्ति शुद्धीकरण निवारण सुपरिवेक्षण महाशाखाले जेठ १४ गते काठमाडौंमा सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण गर्ने सम्बन्धमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गऱ्यो ।

भुक्तानी सेवा प्रदायक/भुक्तानी सेवा संचालक तथा रेमिटान्स कम्पनीहरूका प्रतिनिधिहरूको सहभागितामा महाशाखाले उक्त कार्यक्रम आयोजना गरेको हो । कार्यक्रममा सहायक निर्देशक रामकृष्ण राईद्वारा रेमिटान्स कम्पनीको स्थलगत निरिक्षणका क्रममा देखिएका सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी कृयाकलापमा वित्तीय लगानी निवारणसँग सम्बन्धित कैफियतहरूमा केन्द्रित रहेर पहिलो कार्यपत्र प्रस्तुत गर्नुभएको थियो भने दोस्रो कार्यपत्र भुक्तानी प्रणाली विभागका उप-निर्देशक कर्ता श्रेष्ठले विभागबाट जारी विद्यमान ऐन, नियम, निर्देशिका सहित भुक्तानी सेवा प्रदायकका निरिक्षणका क्रममा देखिएका कैफियतका सम्बन्धमा प्रस्तुती गर्नुभएको थियो ।

कार्यक्रमको तेस्रो सत्रमा सहाभागीहरूसँग रेमिटान्स कम्पनी तथा भुक्तानी सेवा प्रदायकहरूले भोगेका नीतिगत तथा व्यावहारिक समस्या र तिनको सुझावका सम्बन्धमा छलफल भएको थियो ।

कार्यक्रममा बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक रामु पौडेल, विदेशी विनिमय व्यवस्थापन विभागका कार्यकारी निर्देशक रेवतीप्रसाद नेपाल, भुक्तानी प्रणाली विभागका कार्यकारी निर्देशक किरण पण्डित, बैंक सुपरिवेक्षण विभागका निर्देशक सुभाष आचार्य तथा वित्तीय जानकारी इकाईका निर्देशक वासुदेव भट्टराईले सहभागीहरूबाट उठेका जिज्ञासाको सम्बोधन गर्नुभएको थियो ।

कार्यक्रम समापनको क्रममा प्रमुख अतिथि बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक रामु पौडेलले सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारणका लागि जारी गरिएका ऐन, नियम, परिपत्र, व्यवस्थाहरू भुक्तानी सेवा प्रदायक/भुक्तानी सेवा सञ्चालक तथा रेमिटान्स कम्पनीहरूले उच्च प्राथमिकताका साथ अनुपालना गर्नुपर्ने बताउनुभयो । उहाँले प्रविधिको बढ्दो प्रयोगसँगै विद्युतीय कारोबार, डिजिटल बैंकिङ र अन्तरदेशीय भुक्तानीमा भएको वृद्धि तथा यसले निम्त्याउन सक्ने सम्पत्ति शुद्धीकरणसम्बन्धी जोखिमका विषयमा ध्यान दिन जोड दिनुभएको थियो ।

सो कार्यक्रममा महाशाखाका निर्देशक आर्या जोशीले स्वागत मन्तव्य राख्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभएको थियो भने कार्यक्रमको सञ्चालन सहायक निर्देशक ओमशिला कार्कीले गर्नुभएको थियो । ■

# केन्द्रद्वारा विभिन्न तालिम/कार्यशाला सम्पन्न



बैंकर्स प्रशिक्षण केन्द्रले २०८२ जेठ महिनामा विभिन्न पाँच वटा तालिम तथा कार्यशाला सम्पन्न गरेको छ । केन्द्रले जेठ १ देखि २ गतेसम्म भक्तपुरको बोडेमा 'Consumer Protection and Market Condut Suprevision' विषयक तालिम कार्यक्रम सञ्चालन गऱ्यो । विभिन्न विभाग/कार्यालयका अधिकृत तथा सहायकस्तरीय ३० जना कर्मचारीहरूको सहभागितामा सम्पन्न गरिएको कार्यक्रम ग्राहक संरक्षण तथा बजार आचरण सुपरिवेक्षणसम्बन्धी विद्यमान कानुनी एवम् नियामकीय प्रावधान, समसामयिक समस्या

तथा चुनौती र सोको समाधानका लागि बैंकले चाल्नुपर्ने कदमका सम्बन्धमा कर्मचारीलाई जानकारी प्रदान गर्ने उद्देश्यले सञ्चालन गरिएको थियो ।

यसै क्रममा केन्द्रले जेठ ४ देखि ९ गतेसम्म बोडेमा 'Macroeconomic Modelling and Forecasting' विषयक अधिकृतस्तरीय तालिम कार्यक्रम सञ्चालन गऱ्यो । १७ वटा सेसनमा सञ्चालित उक्त तालिम Macroeconomic Model तथा Statistical Tools को प्रयोग गरी तथ्याङ्क विश्लेषण गर्न तथा निश्चित तथ्याङ्कहरूको पूर्वानुमान (Forecasting) गरी समस्त आर्थिक सूचकहरूको तर्कपूर्ण समीक्षा गर्न बैंकमा कार्यरत जनशक्तिको क्षमता अभिवृद्धि गर्ने अभिप्रायले सञ्चालन गरिएको थियो । सो अवसरमा विभिन्न विभागका ३० जना कर्मचारीको सहभागिता थियो ।

यसै गरी, केन्द्रले जेठ ११ र १२ गते पोखरामा 'Letter and Memo Writing Skills' विषयक सहायकस्तरीय तालिम सञ्चालन गऱ्यो । विभिन्न विभाग तथा कार्यालयका २९ जना कर्मचारीको सहभागिता रहेको उक्त तालिम कार्यक्रमले पत्र तथा टिप्पणी लेखनसम्बन्धी विषयका बारेमा सैद्धान्तिक एवम् व्यावहारिक ज्ञान प्रदान गरी सम्बन्धित कार्यमा एकरूपता कायम गराउने एवम् कार्यरत जनशक्तिको क्षमता अभिवृद्धि गर्ने उद्देश्य राखेको थियो ।

केन्द्रले जेठ १९ देखि २१ गतेसम्म बोडेमा 'Regulation and Supervision of Non Bank Financial Institutions' अधिकृतस्तरीय तालिम सञ्चालन गऱ्यो । ८ वटा सत्रमा सञ्चालित तालिममा विभिन्न विभाग/कार्यालयमा कार्यरत अधिकृत/सहायकस्तरका ३० जना कर्मचारीको सहभागिता थियो । गैर बैंक वित्तीय संस्थाहरूको उपस्थिति एवम् सान्दर्भिकता, विद्यमान अवस्था, अन्तर्राष्ट्रिय परिप्रेक्ष्यमा यसको बढ्दो महत्व तथा चुनौती, नियमन तथा सुपरिवेक्षणसम्बन्धी विद्यमान कानुनी एवम् नीतिगत व्यवस्था, मनिचेञ्जर, सहकारी, विप्रेषणलगायतका कारोबारमा संलग्न संस्थाहरूको स्थलगत निरीक्षण तथा गैर-स्थलगत सुपरिवेक्षणका विषयमा कर्मचारीहरूलाई प्रशिक्षित गरिएको थियो ।

यसै गरी, केन्द्रले जेठ २५ देखि २७ सम्म काठमाडौंको थापाथलीमा 'GL Software' विषयक सहायकस्तरीय कार्यशाला सञ्चालन गऱ्यो । उक्त कार्यशालामा ओलम्पिक (जीएल) बैंकिङ सिस्टम, मौद्रिक व्यवस्थापन, मुद्रा व्यवस्थापन, बैंकिङ अपरेसनसम्बन्धी विभिन्न मोड्युललगायतका विषयमा सहभागीलाई जानकारी दिइएको थियो । कार्यशालामा विभिन्न विभाग तथा कार्यालयका ३० जना कर्मचारीको सहभागिता थियो । ■

# बढुवा

२०८२ जेठ महिनामा दुई जना निर्देशक (अधिकृत प्रथम) कार्यकारी निर्देशक (अधिकृत विशिष्ट) पदमा बढुवा हुनुभएको छ । वि.स.२०५८ मङ्सिर ४ मा सेवा प्रवेश गर्नुभएका डा.डिल्लीराम पोखेल जेठ १३ गते कार्यकारी निर्देशक पदमा बढुवा हुनुभएको हो । त्यसै गरी २०६२ माघ २ मा बैंकसेवा प्रवेश गर्नुभएका निर्देशक दीर्घबहादुर रावल जेठ १९ गते कार्यकारी निर्देशक पदमा बढुवा हुनुभएको हो ।

२०८१ असार मसान्तसम्ममा रिक्त रहेका प्रशासन सेवातर्फका पदमा लोकसेवा आयोगबाट लिइएको आन्तरिक प्रतियोगितात्मक परीक्षा तथा बैंकबाट लिइएको अन्तर्वार्ताका आधारमा कर्मचारीहरूको पदोन्नति जेठ २७ गते भएको छ । सहायक (सहायक द्वितीय) हरू प्रधुन के.सी, कृति राजभण्डारी, दीपक भुसाल, सुजन दुवाडी, सूर्यप्रसाद पौडेल, मनोहर थापा, पङ्खप्रसाद आचार्य, सृजना न्यौपाने (गर्तौला) समिर फयल प्रधान सहायक (सहायक प्रथम) पदमा बढुवा हुनुभएको छ ।

*नेपाल राष्ट्र बैंक समाचार* उहाँहरूलाई हार्दिक बधाई तथा शुभकामना ज्ञापन गर्दछ । ■

# अवकाश

कार्यकारी निर्देशकहरू प्रकाशकुमार श्रेष्ठ र तुलसीप्रसाद घिमिरेले जेठ महिनामा बैंक सेवाबाट अवकाश पाउनु भएको छ । २०५४ मङ्सिर २३ मा बैंक सेवा प्रवेश गर्नुभएका श्रेष्ठले जेठ १० गते अवकाश पाउनुभएको हो । त्यसैगरी, २०५९ साउन २७ मा बैंक सेवा प्रवेश गर्नुभएका घिमिरेले ५८ वर्षे उमेरहदका आधारमा जेठ १७ गते अवकाश पाउनु भएको हो ।

त्यसै गरी २०५३ चैत २७ मा बैंकसेवा प्रवेश गर्नुभएका उप निर्देशक कमलबहादुर तामाङ र २०५२ असार ८ मा बैंकसेवा प्रवेश गर्नुभएका सहायक जागेश्वर साहले पनि ५८ वर्षे उमेर हदका आधारमा बैंक सेवाबाट अवकाश पाउनु भएको छ । साहले जेठ २६ मा र तामाङले जेठ २८ मा अवकाश पाउनु भएको हो ।

*नेपाल राष्ट्र बैंक समाचार* उहाँहरूको सुखद अवकाश जीवनको निम्ति हार्दिक शुभकामना व्यक्त गर्दछ । ■

*प्रकाशक*

**नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय**

**सूचना तथा सञ्चार महाशाखा**

बालुवाटार, काठमाडौं, फोन : ५७१९६४१/४२, Ext.: २१३९/२१४०

इमेल : samachar@nrb.org.np,

वेबसाइट : www.nrb.org.np

*सम्पादक*

**डा. भागवत आचार्य**

*सम्पादन सहयोगी*

सविन ओली

वन्दना दाहाल

नवीना ताम्राकार

*ले-आउट*

संजीव दाहाल